मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ११८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत ३ गते मंगलबार (Tuesday, 17 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## क्यानडा पठाउने भन्दै २७ लाख ठगी

**काठमाडौं, चैत २।** वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा पारी क्यानडा पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-९ बस्ने कञ्चनुर भीमदत्त नगरपालिका-१८ घर भएकी ५१ वर्षीया गीता भण्डारीलाई आइतबार प्रहरीले पक्राउ गरेको छ।

गीताले क्यानडा पठाइदिन्छु भन्दै ५ जनाबाट २७ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान

(बाँकी अन्तिम पृष्ठमा)

### झापामा कांग्रेस-एमाले-राप्रपाको राजनीतिक 'रिक्तता'

# समानुपातिक सांसदको भरमा दलको विँडो

**झापा, चैत २।** लामो समयदेखि राष्ट्रिय राजनीतिमा प्रभाव राख्दै आएका ठूला दलका शीर्ष नेताहरूको गृहजिल्ला मानिने झापा पछिल्लो प्रतिनिधिसभा निर्वाचनपछि नयाँ राजनीतिक प्रयोगको केन्द्र बनेको छ।

प्रत्यक्ष निर्वाचनतर्फ पुराना दल पूर्ण रूपमा पराजित भएपछि नेपाली कांग्रेस, नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा)को राजनीतिक उपस्थितिलाई जोगाइराख्ने जिम्मेवारी अहिले समानुपातिक प्रणालीबाट निर्वाचित सांसदहरूको काँधमा आएको छ।

झापाका पाँचवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारहरूले बिजय हासिल गरेपछि दशकौंदेखि प्रभाव जमाउँदै आएका पुराना दल प्रत्यक्षतर्फ 'निल' भएका छन्। यसले झापाको राजनीतिक शक्ति सन्तुलनमा मात्र होइन, दलभित्रको संगठनात्मक संरचना र नेतृत्व समीकरणमा समेत नयाँ प्रश्न खडा गरेको छ।

यस परिस्थितिमा विभिन्न दलबाट सिफारिस भएकामध्ये नेपाली कांग्रेसबाट समानुपातिक सांसद सुशीला ढकाल र मनमाया विश्वकर्मा, नेकपा एमालेबाट निता घतानी तथा राप्रपाबाट खुश्बू ओली अहिले जिल्लामा आ-आफ्नो दलको प्रतिनिधित्व गर्ने अनुहार बनेका छन्। प्रत्यक्षतर्फको हारले सिर्जना गरेको राजनीतिक रिक्तता पूर्ति गर्दै संगठनलाई पुनः सक्रिय बनाउने जिम्मेवारी उनीहरूकै काँधमा आइपुगेको देखिन्छ।

२०४८ सालयता झापा एमाले अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक आधार क्षेत्र मानिन्छ। तर, पछिल्लो निर्वाचनमा उनी राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन' सँग फराकिलो मतान्तरमा पराजित भए। त्यसैगरी राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन पनि रास्वपा झापाका कार्यवाहक सभापति प्रकाश पाठकसँग फराकिलो मतान्तरमा पराजित भए। राष्ट्रिय राजनीतिका चतुर खेलाडीका रुपमा आफूलाई स्थापित गराएका उनीहरुले यसअघिका निर्वाचनमा गठबन्धन गरेर भए पनि सहज जित निकाल्दै संसदीय यात्रा तय गर्दै आएका थिए। तर, यस पटकको निर्वाचनमा सबै दल एक्लाएक्लै चुनावमा होमिए। गौण रुपमा केही नेताले तालमेल गरे पनि आम मतदाताले सबै समीकरण भंग गरिदिए। यी परिणामहरूले झापामा मतदाताको राजनीतिक मनोविज्ञानमा परिवर्तन आएको संकेत दिएका छ। पुराना दलको नेतृत्वप्रति असन्तुष्टि, वैकल्पिक राजनीतिक शक्तिप्रतिको आकर्षण तथा नयाँ राजनीतिक भाष्यको खोजीले मतदातालाई नयाँ दलतर्फ आकर्षित गरेको देखिन्छ।




सुशीला ढकाल
नेपाली कांग्रेस



मनमाया विश्वकर्मा
नेपाली कांग्रेस



निता घतानी
नेकपा एमाले



खुश्बू ओली
राप्रपा

प्रत्यक्षतर्फ पराजय व्यहोरेपछि झापामा कांग्रेस, एमाले र राप्रपाको संगठनात्मक सक्रियता कायम राख्ने मुख्य जिम्मेवारी अब समानुपातिक सांसदहरूमा सरेको छ। तर, यो भूमिका सहज छैन। उनीहरूले संसदमा मात्र होइन जिल्लास्तरमा पनि दलको राजनीतिक उपस्थितिलाई पुनर्जीवित गर्नुपर्ने हुन्छ। पराजयपछि खस्किएको कार्यकर्ताको मनोबललाई उकास्नुपर्ने हुन्छ। आगामी चुनावका लागि संगठनलाई चलायमान बनाउन र जिल्लामा बजेट भित्र्याउने भूमिका पनि उनीहरुकै हुन्छ।

समानुपातिक सांसदहरू सामान्यतया क्षेत्रीय निर्वाचन क्षेत्रको प्रत्यक्ष जनसम्पर्कभन्दा बढी नीति र प्रतिनिधित्वको भूमिकामा देखिन्छन्। तर, झापाको वर्तमान परिस्थितिले उनीहरूलाई स्थानीयस्तरमा पनि सक्रिय राजनीतिक नेतृत्व लिन बाध्य बनाउने परिस्थिति देखिएको छ।

झापामा विगतका निर्वाचनहरुमा कांग्रेस, एमाले, तत्कालीन

(बाँकी अन्तिम पृष्ठमा)

## एक करोड १६ लाख रकमसहित हुण्डी करोबारी पक्राउ

### छ वर्ष कैद र रु. २२ करोडभन्दा बढी जरिवाना तोकिएका श्रेष्ठसहित फरार प्रतिवादीहरु नियन्त्रणमा



**काठमाडौं, चैत २।** हुण्डी तथा क्रिप्टो कारोबारमा संलग्न २ जना १ करोड १६ लाखसहित पक्राउ परेका छन्।

प्रहरीले नागार्जुन नगरपालिका-८ भीमढुङ्गाबाट सोही ठाउँका २८ वर्षका सागर गिरी र २८ वर्षकै प्रमोदप्रसाद धिताल रहेका छन्।

उनीहरुको साथबाट विभिन्न बैंकको विभिन्न व्यक्तिको नाममा रहेको ३ थान चेक बुक, विभिन्न व्यक्तिको नाममा काटेको रु. २७ लाख ३० हजार रुपैयाँको चेक ३ वटा र विभिन्न व्यक्तिको नाममा रहेको विभिन्न बैंकको ४ वटा एटिएम पनि बरामद भएको छ।

यस्तै १ थान नागरिकता, २ चारपाङ्गे सवारी, १ दुई पाङ्गे सवारी साधन, १ सवारी दर्ता किताब, विभिन्न कम्पनीको ६ वटा मोबाइल फोन पनि बरामद भएको छ। त्यसैगरी ३१ वटा एनसेल र एनटीसीको सिमकार्ड, १ कम्प्युटर र बाइनान्स खातामा रहेको ७ हजार १ सय ७५ दशमलव ३४ यूएसडीटी पनि बरामद भएको प्रहरीले जनाएको छ।

यसैबीच छ वर्ष कैद र रु. २२ करोडभन्दा बढी जरिवाना तोकिएका एक जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष नागार्जुन नगरपालिका-५ सीतापाइला बस्ने काठमाडौं महानगरपालिका-२४ वटू घर भएका ६९ वर्षीय योगेन्द्रप्रसाद श्रेष्ठ रहेका केन्द्रीय प्रहरी प्रवक्ता एवम् प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेले जानकारी दिए। उनले भने- केन्द्रीय अनुसन्धान व्यूरो लाजिम्पाटबाट खटिएको प्रहरीले निजलाई काठमाडौं नागार्जुन नगरपालिका-५ सीतापाइलाबाट पक्राउ गरेको हो।

पक्राउ परेका श्रेष्ठ समेतले नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडसँग सम्बद्ध रही अनियमित एवम् गैरकानूनी तवरले निक्षेपकर्ता एवम् संस्थाको हित विपरीत हुने कार्य गरी बैङ्किङ कसुरमा संलग्न रहेको हुँदा सर्वोच्च अदालतको २०८१ भदौ ५ गतेको फैसलाले श्रेष्ठलाई दुईवटा मुद्दामा क्रमशः रु. १९ करोड ४६ लाख एक हजार ६६२ दशमलव ३९ पैसा जरिवाना, तीन वर्ष कैद रु. तीन करोड २१ लाख ३९ हजार ६८१ दशमलव ५१ पैसा जरिवाना तथा तीन वर्ष कैद सजाय ठहर गरेको प्रहरीले जनाएको छ। निजलाई फैसला कार्यान्वयनका लागि काठमाडौं जिल्ला अदालतमा पेश गरिएको प्रवक्ता काफ्लेले बताए।

(बाँकी अन्तिम पृष्ठमा)

## बिद्यालय जाँदै गरेका दुई बालिका बेपत्ता

**झापा, चैत २।** झापाको बिर्तामोडस्थित देवी माध्यमिक विद्यालयमा अध्ययनरत् दुई किशोरी विद्यालय जाने क्रममा बेपत्ता भएका छन्।

कक्षा ९मा अध्ययनरत् अर्जुनधारा-५ निवासी इन्द्रप्रसाद गौतमकी १५ वर्षीया छोरी रञ्जना गौतम र सोही स्थानका बिनोद कर्मकारकी १५ वर्षीया छोरी दृष्टि कर्मकार बुधबार बिहानदेखि सम्पर्कविहीन भएका हुन्। उनीहरू विगत दुई वर्षदेखि अर्जुनधारा-५ कञ्चनबारी टोलस्थित हरि सापकोटाको घरमा बस्दै अध्ययन गर्दै आएका थिए। दुवै बालिकाका अभिभावक वैदेशिक रोजगारीमा रहेको बताइएको छ।

बिहान करिब ८:१५ बजे विद्यालय जान्छौं भन्दै घरबाट निस्किएका उनीहरू बिद्यालय नपुगेपछि र सम्भावित स्थानमा खोजी गर्दा पनि फेला नपरेपछि घरधनी सापकोटाले राति इलाका प्रहरी कार्यालय बिर्तामोडमा जानकारी गराएका हुन्। प्रहरीका अनुसार किशोरीहरूको खोजीका लागि प्रहरी टोली परिचालन गरिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको छ।

## बालिका र महिलामाथि जवरजस्ती गर्दा...

**काठमाडौं, चैत २।** संखुवासभा र उदयपुरमा जबरजस्ती करणी गरेको अभियोगमा दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

संखुवासभाको चैनपुर नगरपालिका-३का २० वर्षीय दावा शेर्पालाई १० वर्षीया बालिकामाथि करणी गरेको आरोपमा आइतबारसाँझ प्रहरीले पक्राउ गरेको हो। बालिकालाई जबरजस्ती गरेको उजुरी परेलगतै इलाका प्रहरी कार्यालय वानाबाट खटिएको टोलीले शेर्पालाई पक्राउ परेको प्रहरीले जनाएको छ।

त्यस्तै, उदयपुरमा ३८ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा कटारी नगरपालिका-५ भोर्लेका ३५ वर्षीय भेषबहादुर श्रेष्ठ पक्राउ परेका छन्।

श्रेष्ठले महिलालाई जबरजस्ती गरेको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी टोलीले उनलाई नै नियन्त्रणमा लिएको हो। प्रहरीले दुवै घटनाका सम्बन्धमा आवश्यक कानूनी प्रक्रिया अगाडि बढाउँदै थप अनुसन्धान भइरहेको जानकारी दिएको छ।

## रेबिजविरूद्धको सुई अभाव

**झापा, चैत २।** मेचीनगर नगरपालिकास्थित सरकारी अस्पतालमा रेबिजविरुद्धको खोप (एन्टी रेबिज भ्याक्सिन)को अभाव भएको छ।

सरकारी कोटाअनुसार आउने खोपको आपूर्ति ढिलो भएपछि अभाव भएको नगरपालिका स्वास्थ्य शाखाकी प्रमुख सविता सापकोटाले बताइन्। यसले गर्दा स्थानीयले महंगो मूल्य तिरेर निजी क्लिनिकमा खोप लगाउन बाध्य हुनुपरेको उनको भनाइ छ। नगरपालिका-१० स्थित मेचीनगर आधारभूत अस्पतालमा विगत १५ दिनदेखि खोपको मौज्दात सकिएको

(बाँकी अन्तिम पृष्ठमा)

## तु-आवश्यकता

बिर्तामोड-५मा रहेको बस्नेत फ्रेस हाउसको लागि कामदारको आवश्यकता परेकोले सम्पर्क गर्नुहोला।

१) खसी काट्न मासु बनाउन जान्ने पुरुषः १ जना
२) चिकन बनाउन जान्ने महिला/पुरुष-१ जना

**खान, बस्न, एप्रोन र मेडिकलको व्यवस्थासहित**

नोटः खसी बनाउन (काटन जान्नेलाई) रु. १८०००।- र कुखुरा बनाउन (काट्न जान्नेलाई) रु. १५०००।-को व्यवस्था छ।

**मो. ९८०३४०१९७०**

## भिटा विक्रीमा

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा अर्जेन्ट परेर तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।

**मो. ९८०७९२२३०१**

## इनिशाका हत्यारालाई कार्वाही गर्न माग

**काठमाडौं, चैत २।** बालिका इनिशा विक हत्यासम्बन्धी घटनाको शीघ्र छानबिन गरी संलग्न दोषीलाई कानून बमोजिम कारबाही गर्न पीडित परिवारले माग गरेको छ।

पीडित परिवारका तर्फबाट इनिशा विकका दाइ चन्द्रबहादुर विक र तपेन्द्र विकले सोमवार गृहमन्त्री ओमप्रकाश अर्याललाई भेट गरी घटनाको सत्य-तथ्य सार्वजनिक गरी दोषीलाई कानूनी दायरामा ल्याई पीडितलाई न्याय दिलाउन माग गरेका हुन्।

साथै, यस्ता प्रकारका महिला तथा बालबालिकामाथि हुने यौनहिंसा तथा जघन्य अपराधका घटना दोहोरिन नदिन तथा न्यायको सुनिश्चितता र सुरक्षित समाज निर्माणका लागि सम्बन्धित निकाय, नागरिक समाज, पत्रकार तथा सम्पूर्ण सरोकारवालाले गम्भीरतापूर्वक ध्यान दिन पीडित परिवारले माग गरेको छ।



ज्ञापन-पत्र ग्रहण गर्दै मन्त्री अर्यालले घटनाको अनुसन्धान गरी दोषीलाई कानूनी दायरामा ल्याइने बताए। मुलुकमा दण्डहीनताको अन्त्य हुनुपर्ने भन्दै कुनै पनि प्रकारका आपराधिक घटना र अवाञ्छित गतिविधि नियन्त्रण गरी शान्ति सुव्यवस्था कामय गर्न सरकार जिम्मेवारीका साथ लागीपरेको उनले बताए।

गतफागुन २३ गते सुर्खेतको वीरेन्द्रनगर-४ शहीदपार्क नजिकै जनजागरण सामुदायिक वनमा १६ वर्षीया इनिशा विकको बलात्कारपछि हत्या भएको थियो।

यसैबीच सुर्खेतकी इनिशाको बलात्कारपछि हत्या भएको घटनाका दोषीलाई कडा कानूनी कारबाहीको माग गर्दै सोमवार झापाको काँकरभिट्टामा विरोध प्रदर्शन भएको छ।

प्रगतिशील युवा क्लब धुलाबारीको अगुवाइमा काँकरभिट्टास्थित हनुमान मन्दिर परिसरबाट निकालिएको विरोध र्‍याली नगरका विभिन्न भागको परिक्रमा गरेपछि पूर्वी प्रवेशद्वारमा पुगेर खबरदारी सभामा परिणत भएको थियो।

र्‍यालीमा मेचीनगर नगरपालिका क्षेत्रका विभिन्न विद्यालयका बिद्यार्थी, शिक्षक, मानवअधिकारकर्मी, विभिन्न संघ-संस्थाका प्रतिनिधि र सञ्चारकर्मीहरूको ठूलो उपस्थिति रहेको थियो। सहभागीहरूले 'दोषीलाई कडाभन्दा

(बाँकी अन्तिम पृष्ठमा)




## VACANCY ANNOUNCEMENT

मितिः ०२।१२।२०८२

यस Mechi Drishti Eye Hospital & Research Centre Pvt. Ltd., Birtamode-03, Jhapaका लागि निम्न पदहरुमा केही कर्मचारी आवश्यक परेको हुँदा योग्य तथा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ।

**आवश्यक पदहरू**
१. Ophthalmic Assistant – Few
२. ANM/CMA(EHW) – Few
३. Office Assistant – Few

**आवेदन दिने अवधिः**
मिति २०८२ साल चैत ०३ गतेदेखि २०८२ साल चैत १८ गतेसम्म।

**आवश्यक कागजातहरू**
- व्यक्तिगत विवरण (CV/Bio-data)
- शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि
- नेपाली नागरिकताको प्रतिलिपि
- पासपोर्ट साइज फोटो

इच्छुक उम्मेदवारहरूले आवश्यक कागजातसहित कार्यालय समयमा संस्थाको प्रशासन शाखामा प्रत्यक्ष बुझाउन वा इमेलमार्फत पठाउन सक्नेछन्।

सम्पर्कः
**Administration**
**Mechi Drishti Eye Hospital & Research Centre Pvt.Ltd.**
Birtamode-03, Jhapa, Nepal
Whatsap No : +977-9820665999
Contact: +977-023-535704
Email: careers.mechi@drishti eye.org
drishti.mechi@drishtieye.org



होर्मुज बन्द: विश्व बजारमा दबाब

# जुवा खेलिरहेका १४ जना पक्राउ

**काठमाडौँ, चैत २।** काठमाडौँको मुटुमा रहेको एक अपार्टमेन्टमा जुवा खेलिरहेको अवस्थामा प्रहरीले १४ जनालाई नियन्त्रणमा लिएको छ।

काठमाडौँ महानगरपालिका-१स्थित ल्याण्डमार्क अपार्टमेन्टको कोठा नम्बर २०६ बाट कागेश्वरी मनहरा नगरपालिका-२का ५८ वर्षीय जीवन खड्कासहितको समूह पक्राउ परेको हो। प्रहरी वृत्त दरबारमार्गबाट खटिएको विशेष टोलीले आइतबार राति उनीहरूलाई जुवा खेलिरहेकै ठाउँबाट समातेको हो।

प्रहरीले जुवाको खालबाट ३ लाख ६० हजार रुपैयाँ नगद र १५ बुक तास समेत बरामद गरेको छ। अपार्टमेन्टमा भाडामा लिएर वा समूह बनाएर ठूलो रकमको हारजित हुने गरी जुवा खेलिरहेको सूचनाका आधारमा प्रहरी त्यहाँ पुगेको थियो।

पक्राउ परेका सबैलाई हिरासतमा राखेर थप अनुसन्धान भइरहेको र उनीहरूमाथि जुवा ऐन अन्तर्गत कारबाही प्रक्रिया अगाडि बढाइने प्रहरीले जनाएको छ।

# ‘पहाड’ मा नेपाली समाजको कथा



निर्देशक तुलसी घिमिरेले युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्यालाई चित्रण गरेर चलचित्र ‘पहाड’ निर्माण गरिएको बताएका छन्।

आगामी वैशाख १ गते प्रदर्शन मिति तय गरिएको सो चलचित्रको आइतबार श्रव्यदृश्य (टिजर) सार्वजनिक गर्दै निर्देशक घिमिरेले चलचित्रको कथाले पहाड मात्र नभई समग्र देशकै अवस्थालाई दर्शाउने बताए। उनले भने- पहाड एकदमै सुन्दर ठाउँ हो। तर, पछिल्लो समय युवा पलयान भएका छन्, पहाडमा बसोबास गर्ने रोजगारीका लागि बसाइ सरेका छन्। हेर्दा हेर्दै पहाड उजाड झैँ देखिन थालेको छ, यही विषयलाई लिएर चलचित्र तयार गरेको छु।

निर्देशक घिमिरेले दर्शकसँगै यो चलचित्र घर, परिवार र समाजसम्म विचारको रुपमा पुग्ने विश्वास व्यक्त गरे। भाग्यरत्न फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको ‘पहाड’ मा बिपीन कार्की, सुनिल थापा, मदनकृष्ण श्रेष्ठ, रेनुनाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ, उमा गिरीलगायतका कलाकारको अभिनय रहेको छ।

निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरेलाई यसै चलचित्रमार्फत अभिनेत्रीको रुपमा दर्शकसामु ल्याएका छन्।

# ‘पाँच पाण्डव’को छायांकन शुरु

सन्त निरौलाको निर्देशनमा बन्न लागेको फिल्म ‘पाँच पाण्डव’को छायांकन शुरु गरिएको छ।

सोमबार झापाको नेपाल-भारत सीमावर्ती सहर काँकरभिट्टामा क्यामेरा र स्क्रिप्ट पूजा गरेसँगै फिल्मको छायांकन थालिएको हो। ४० दिनको छायाकंन तालिका तय गरिएको यो फिल्मको अधिकांश दृश्य झापा जिल्लामा खिचिने जनाइएको छ।



नवीन श्रेष्ठ प्रस्तुतकर्ता रहेको फिल्ममा हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी र सागर लम्साल (बले)को मुख्य भूमिका रहनेछ। यसअघि फिल्ममा सीताराम कट्टेल (धुर्मुस)को पनि अभिनय रहने बताइएको थियो।

तर, हाल अमेरिकामा रहेका उनी तत्काल नेपाल नफर्किने भएपछि निर्माण पक्षले उनको ठाउँमा महेश त्रिपाठीलाई लिएको बताइएको छ।

निर्देशक निरौलाले फिल्मको शीर्षक ‘पाँच पाण्डव’ भए पनि यो कुनै धार्मिक वा पौराणिक कथामा आधारित नभएको बताएका छन्। उनका अनुसार यो पूर्ण रूपमा एक सामाजिक कथा हो। फिल्ममा महाभारतका पाँच पाण्डव (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव)को बिम्बलाई प्रयोग गर्दै समकालीन नेपाली समाजको यथार्थ कथा भनिने उनले बताए।

काली रानी फिल्मस्को ब्यानरमा निर्माण हुने यस फिल्ममा काली रानी श्रेष्ठ निर्मातामा छिन्। दीपाश्री निरौला र रजनी गुरुङको पनि अभिनय रहने फिल्मको कथा, पटकथा तथा संवाद सुशील पौडेलले तयार पारेका हुन्। पेशाले सञ्चारकर्मी रहेका पौडेल फिल्म ‘प्रसाद’का लेखक समेत हुन्। श्याम तामाङले छायांकन गर्ने फिल्मलाई डल्बी एट्मस साउन्ड प्रविधिमा तयार पारिनेछ।

# सिटिजन्स बैंकमा रु. ४ करोड ९१ लाख हिनामिना

**विराटनगर, चैत २।** विराटनगरको कञ्चनबारीमा रहेको सिटिजन्स बैङ्कमा ४ करोड ९१ लाख रुपैयाँ हिनामिना भएको छ। बैकका कर्मचारीको मिलेमतोमा सो रकम हिनामिना भएको भन्दै प्रहरीमा उजुरी परेको छ।

बैक प्रशासनले बैकमा कार्यरत कर्मचारीको मिलेमतोमा रकम हिनामिना भएको भन्दै जिल्ला प्रहरी कार्यालय मोरङमा उजुरी परेको जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी प्रमुख एसपी कविद कटुवालले जानकारी दिए। उनले भने- हिनामिना भएको भन्दै उजुरी परेको छ, हामी छानविन गरिरहेका छौं। अहिले नै यसै हो भन्न सक्ने अवस्था छैन।

उनका अनुसार अनुसन्धानका लागि आवश्यक कागजात माग भएको र यसैका आधारमा छानविन प्रक्रिया अगाडि बढेको छ। घोटालामा को-को संलग्न भए भन्ने बारेमा अहिले खुलिनसकेको कटुवालले बताए। बैक स्रोतका अनुसार घोटालामा ५ जना कर्मचारीको संलग्नता देखिएको छ। उनीहरू सबैका बिरुद्धमा उजुरी परेको छ।

प्रहरीले उनीहरूको नाम भने खुलाएको छैन। सिटिजन्स बैक इन्टरनेशनल कञ्चनबारी शाखामा कार्यरत रोजी कँडेलको नेतृत्वमा सो घोटाला भएको आन्तरिक लेखापरीक्षणमा देखिएपछि उजुरी परेको प्रहरीले जनाएको छ। बैङ्कले गरेको आन्तरिक लेखा परीक्षणका क्रममा ठूलो परिमाणमा रकम हिनामिना भएको देखिएपछि बैङ्क प्रशासनले संलग्न कर्मचारीहरूलाई निलम्बन गरेको छ।

उनीहरूलाई निलम्बनपछि कानूनी कारबाहीका लागि प्रहरीमा उजुरी दिएको छ। हिनामिना भएको रकम असुल उपर गर्न र दोषीलाई कारबाही गर्न जिल्ला प्रहरी कार्यालय मोरङमा जाहेरी दिइएको बैङ्कले जनाएको छ। बैङ्क स्रोतका अनुसार कर्मचारीहरूले मुद्दति खातामा राखेको रकमलाई धितो देखाएर नक्कली कर्जा फाइल खडा गरी रकम निकाल्ने गरेको पाइएको छ।

## क्यानडा ...

कार्यालय टेकूबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-९बाट पक्राउ गरेको हो।

उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## रेविजविरुद्धको ...

हो। स्वास्थ्य शाखा प्रमुख सापकोटाले नगरमा मासिक पाँच सयदेखि एक हजार डोजसम्म खोप खपत हुने भए पनि माथिल्लो निकायबाट महिनामा जम्मा दुई सयदेखि तीन सय डोज मात्र उपलब्ध हुँदा समस्या भएको बताइन्।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखामार्फत कोशी प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रमा आउने खोप त्यहाँबाट स्थानीय तहले पाउने व्यवस्था छ। खोपको मात्रा बढाइदिन आग्रह गर्दै प्रदेश आपूर्ति केन्द्रमा पत्राचार गरिए पनि हालसम्म खोप प्राप्त नभएको प्रमुख सापकोटाले जानकारी दिइन्।

सरकारी अस्पतालमा सहुलियत दरमा पाइने सेवा नपाउँदा न्यून आय भएका नागरिकहरू थप आर्थिक भारमा परेका छन्। सरकारी अस्पतालमा रु. ३५० बुझाउँदा तीनपटकको पूर्ण डोज खोप उपलब्ध हुने गरेकामा हाल निजी क्लिनिकले प्रतिपटक रु. ६५० सम्म शुल्क लिने गरेको जनगुनासो छ।

स्वास्थ्य कार्यालय झापाका ‘स्टोरकिपर’ युवानाथ बरालले केन्द्रले स्थानीय तहका अस्पतालमा सिधै सुई पठाउने प्रणाली भएकाले जिल्ला तहमा यसको मौज्दात र अभावबारे जानकारी नहुने बताए। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले तोकेरै पालिकाहरूमा खोप पठाउने हुँदा समन्वयमा समेत समस्या देखिएको उनको भनाइ छ।

# मृत्युलाई स्वीकार्न ‘डेथ फेस्ट’

थाइल्यान्डमा आयोजित अनौठो ‘डेथ फेस्ट’ नामक कार्यक्रमले मानिसहरूलाई जीवनको अन्तिम सत्य अर्थात् मृत्युबारे खुलेर सोच्न र स्वीकार गर्न प्रेरित गरिरहेको छ। बैङ्कक नजिकैको नोन्थाबुरी प्रान्तमा आयोजित तीनदिने कार्यक्रममा सहभागीहरूले मृत्युको सामना गर्ने मानसिक तयारीसँगै त्यसका व्यावहारिक पक्षबारे जानकारी पाउने अवसर पाएका छन्।

दोस्रो वर्षमा प्रवेश गरेको यो कार्यक्रमले धेरैलाई असहज लाग्ने विषयलाई सार्वजनिक छलफलको केन्द्रमा ल्याएको छ। थाइल्यान्डको सामाजिक र धार्मिक परम्परामा बौद्ध धर्मको गहिरो प्रभाव रहेको छ, जहाँ जन्म, बुढ्यौली, रोग र मृत्यु जीवनका अनिवार्य दुःखका रूपमा व्याख्या गरिन्छ। यही दर्शनलाई आधार बनाएर कार्यक्रमले मृत्युको तयारी मात्र नभई, जीवनको अन्तिम समयसम्म राम्रो जीवनयापन कसरी गर्ने भन्ने विषयमा पनि ध्यान केन्द्रित गरेको छ।

कार्यक्रममा सहभागी साङ्दुआन न्गाम्भिनिजरुन आफ्नी आमासँग मेलामा पुगेकी थिइन्। उनले आफ्नो परिवारमा मृत्युबारे कुरा गर्न पहिले निकै गाह्रो हुने बताइन्। तर २० वर्षभन्दा बढी समय बिरामी आफन्तहरूको हेरचाह गर्दै बिताएपछि उनले धेरैको मृत्यु प्रत्यक्ष देखेको र अहिले यसबारे खुलेर कुरा गर्न सक्ने अवस्थामा पुगेका बताइन्। उनका अनुसार कार्यक्रमको उद्देश्य केवल ‘राम्रोसँग मर्ने तरिका’ सिकाउनु मात्र नभई, मानिसले बाँचुन्जेल आफ्नो



जीवनको गुणस्तर कसरी राम्रो बनाउने भन्ने विषयमा सोच्न प्रेरित गर्नु पनि हो।

कार्यक्रममा स्वास्थ्य सेवा, वित्तीय योजना, राहतमुखी हेरचाह, अन्त्येष्टि सेवा र स्मारक व्यवस्थापनसँग सम्बन्धित विभिन्न क्षेत्रका विज्ञ तथा संस्थाहरू सहभागी भएका थिए। यहाँ आयोजित वार्ता र गतिविधिहरूले मृत्युको तयारी मात्र नभई, जीवनको अन्तिम दिनसम्म सम्मानजनक र अर्थपूर्ण जीवन कसरी जिउने भन्ने विषयमा केन्द्रित चर्चा गरेका थिए।

कार्यक्रमका प्रमुख आयोजक तथा द क्लाउड म्यागजिनका प्रधान सम्पादक ज्कोङक्लोद बङ्गीखानका अनुसार मृत्यु व्यक्तिगत घटना मात्र नभई परिवार र समाजसँग जोडिएको विषय हो। उनले मानिसहरूले आफ्नो मृत्युबारे मात्र सोच्नुको सट्टा आफू पछि रहने परिवार र प्रियजनहरूको जीवनलाई कसरी सहज बनाउने भन्नेबारे पनि विचार गर्नुपर्ने बताइन्।

मेलामा सबैभन्दा आकर्षक प्रदर्शनीमध्ये ‘टेस्ट डाइ’ नामक अनुभवात्मक गतिविधि रहेको थियो। यसमा आगन्तुकहरूले विभिन्न आकार र शैलीका कफिनभित्र सुत्दै माथि राखिएको ऐनामा आफ्नो प्रतिबिम्ब हेर्ने अवसर पाउँथे। आयोजकहरूका अनुसार यो अनुभव डर सिर्जना गर्नेभन्दा पनि जीवन र मृत्युबारे आत्मचिन्तन गराउने उद्देश्यले तयार गरिएको हो।

कार्यक्रममा सहभागी कार्यालय कर्मचारी फिनुट्टा सिहादले कफिनभित्र सुत्ने अनुभव शान्त र सोचनीय लागेको बताए। उनले आफू मृत्युबाट खासै डराउने व्यक्ति नभएको र जीवनको अन्तिम क्षण आए पनि त्यो अत्यन्त भयावह नहुने अनुभूति भएको बताए।

कार्यक्रममा वातावरणमैत्री अन्त्येष्टि प्रविधिहरू पनि प्रस्तुत गरिएका थिए। एउटा कम्पनीले माइसेलियम अर्थात् ढुसीका जरा जस्तै फाइबरबाट बनाइने बायोडिग्रेडेबल कफिन प्रदर्शन गरेको थियो, जसले दफन प्रक्रियालाई प्राकृतिक रूपमा विघटन हुन सहयोग गर्छ। कम्पनीकी संस्थापक जिरावन कुमसाओका अनुसार यस्तो डिजाइनले वातावरणमैत्री अन्त्येष्टि संस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्य राखेको छ।

यद्यपि उनको कम्पनीले मुख्यतः घरपालुवा जनावरहरूका लागि कफिन उत्पादन गर्ने गरेको छ। उनले मानिसहरूले आफ्ना घरपालुवा जनावरहरूको अन्तिम क्षणसम्म राम्रो हेरचाह गरेको अनुभूति गर्दा सान्त्वना पाउने बताए। उनका अनुसार कफिनको डिजाइन अन्तरिक्ष यान वा क्याप्सुलजस्तो देखिने गरी बनाइएको छ, जसले प्रिय जनावरलाई अर्को संसारतर्फ पठाउने प्रतीकात्मक भाव दिन्छ।

कार्यक्रममा डिजिटल स्मारक सेवाहरू पनि प्रस्तुत गरिएका थिए। अनलाइन मेमोरियल प्लेटफर्म ‘सेयरसोल्स’ का संस्थापक नोप्पासवार्ड पान्याजारेका अनुसार उनको सेवाले मानिसहरूलाई फोटो सुरक्षित राख्न र आफ्ना प्रियजनहरूको सम्झना तथा कथाहरू साझा गर्न डिजिटल स्थान उपलब्ध गराउँछ।

उनका अनुसार प्रारम्भिक रूपमा यो प्लेटफर्म परिवारका सदस्यहरूको सम्झना सुरक्षित राख्ने उद्देश्यले शुरु गरिएको थियो। तर, प्रयोगकर्ताहरूले आफ्ना घरपालुवा जनावरहरूको स्मृतिमा पनि स्मारक पृष्ठ बनाउन थालेपछि उनी आश्चर्यचकित भएको बताए।

उनका अनुसार धेरै मानिसहरूले आफ्ना घरपालुवा जनावरबारे कथा र सम्झना सुरक्षित राख्न कुनै उपयुक्त स्थान नपाएको भन्दै प्लेटफर्मप्रति आभार व्यक्त गरेका छन्। उनले हरेक घरपालुवा जनावर आफ्नो मालिकका लागि परिवारका सदस्यजत्तिकै महत्त्वपूर्ण हुने भएकाले त्यस्ता सम्झनाहरू सुरक्षित राख्ने ठाउँको आवश्यकता बढ्दै गएको बताए।

## एक करोड ...

त्यस्तै बैंकिङ कसुर मुद्दामा फरार रहेका एक प्रतिवादीलाई प्रहरीले नियन्त्रणमा लिई कारागार चलान गरेको छ।

झापा जिल्ला अदालतको लगत नम्बर १४/५०९५ अनुसार २०८२ असार १२ गतेको फैसलाले बैंकिङ कसुर मुद्दामा ५ दिन कैद र १३ हजार ७५० रुपैयाँ जरिवाना तोकिएका झापा भद्रपुर-५ बस्ने ४० वर्षीय बब्लु सहनीलाई प्रहरीले नियन्त्रणमा लिएको हो। वडा प्रहरी कार्यालय भद्रपुरबाट प्रहरी जवान युवराज श्रेष्ठको कमाण्डमा खटिएको टोलीले उनलाई आफ्नै घरबाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

नियन्त्रणमा लिइएका सहनीलाई झापा जिल्ला अदालतमा उपस्थित गराइएको थियो। उनले जरिवाना बापतको रकम बुझाएपछि तोकिएको ५ दिन कैद भुक्तानका लागि कारागार चलान गरिएको प्रहरीले जनाएको छ।

उता चोरी मुद्दामा फरार रहेका दुई प्रतिवादीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ। नेपाल प्रहरी अन्तर्गत इलाका प्रहरी कार्यालय दमकको टोलीले दमक नगरपालिका-३ बस्ने २६ वर्षीय सुजन मगर र २४ वर्षीय सन्दीप माझीलाई नियन्त्रणमा लिएको हो।

झापा जिल्ला अदालतको लगत नम्बर १४/५०९६ अनुसार २०८२ असार ३० गतेको फैसलामा उनीहरूलाई चोरी मुद्दामा पीडित राहत कोषमा १६० रुपैयाँ जरिवाना तिर्न आदेश गरिएको थियो। सोही मुद्दामा फरार रहेका उनीहरूलाई प्रहरी चौकी बाघखोरबाट खटिएको प्रहरी सहायक निरीक्षक मोहनकुमार श्रेष्ठ नेतृत्वको टोलीले आइतबार बिहान करिब ७ बजे दमक-३स्थित उनकै घरबाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। नियन्त्रणमा लिइएका दुवै जनालाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ।

त्यस्तै लागूऔषध मुद्दामा सजाय तोकिएपछि फरार रहेका एक प्रतिवादीलाई पनि प्रहरीले पक्राउ गरेको छ। झापा जिल्ला अदालतको २०७८ माघ २ गतेको फैसला अनुसार लागूऔषध मुद्दामा २ महिना ८ दिन कैद र ५ हजार रुपैयाँ जरिवाना तोकिएका झापा अर्जुनधारा-११ बस्ने २१ वर्षीय रोहन दर्जीलाई प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय झापाको फैसला कार्यान्वयन टोली र इलाका प्रहरी कार्यालय अनारमनीको संयुक्त टोलीले उनलाई आफ्नै घरबाट पक्राउ गरेको प्रहरीले जनाएको छ। प्रहरी सहायक हवल्दार उत्तम कटुवालको नेतृत्वमा खटिएको टोलीले उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय अनारमनीमा राखी आवश्यक प्रक्रिया अघि बढाइएको छ।

## समानुपातिक ...

नेकपा माओवादी र राप्रपाबीच प्रतिस्पर्धा हुने परम्परा थियो। कतिपय निर्वाचनमा तालमेल पनि भएको हो। तर, पछिल्लो निर्वाचनले त्यो समीकरण तोडिदिएको छ। रास्वपाको उदयसँगै झापाको राजनीतिक भूगोल नै फेरिएको छ।

यो परिणाम अब केवल चुनावी हार-जीतको विषय रहेन। मतदाताले स्थापित दलहरूलाई दिएको चेतावनी जस्तै बनेको छ। नेतृत्वको पुनर्संरचना, नीति तथा कार्यक्रमको पुनरावलोकन र स्थानीय मुद्दामा प्रभावकारी उपस्थितिको अभावले पुराना दलहरू कमजोर भएको सन्देश मतपरिणामले दिएको छ।

यद्यपि झापामा पुराना दलको संगठनात्मक आधार अझै बलियो रहेको मानिन्छ। स्थानीय तह, पार्टी संरचना र कार्यकर्ताको नेटवर्कका कारण कांग्रेस, एमाले र राप्रपाले आगामी निर्वाचनमा पुनरागमनको सम्भावना राख्न सक्छन्। तर, आफ्ना कार्यकर्ता र आम मतदाताको मन जित्न सहज छैन। त्यसका लागि दलहरूले परम्परागत राजनीतिक शैली परिवर्तन गर्दै नयाँ पुस्ताको अपेक्षा अनुसारको नेतृत्व, पारदर्शिता र प्रभावकारी जनसम्पर्कलाई प्राथमिकता दिनै पर्छ।

यसबीच, झापामा अहिलेको अवस्थामा पुराना दलको राजनीतिक अस्तित्व र भविष्यको दिशा समानुपातिक सांसदहरूको सक्रियता, रणनीति र नेतृत्व क्षमताले धेरै हदसम्म निर्धारण गर्ने देखिएको छ। राजनीतिक रूपमा ऐतिहासिक प्रभाव बोकेको झापा अहिले परिवर्तनको प्रयोगशाला बनेको छ- जहाँ पुराना दलले आफ्नो आधार जोगाउने संघर्ष गरिरहेका छन् भने नयाँ शक्तिले आफ्नो प्रभाव संस्थागत बनाउने प्रयासको आरम्भ गरेको छ। निर्वाचनको मत परिणामलाई हेर्दा समानुपातिकतर्फ पनि नयाँ भनिएको रास्वपा नै शीर्ष स्थानमा छ। त्यस्तै हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीको उपस्थिति पनि कोशीमा दर्बिलो देखिएको छ।

## इनिशाका ...

कडा कारबाही गर’, ‘हत्या हिंसा बन्द गर’ र ‘जहाँ छोरी डराउँछे, त्यहाँ समाज असफल हुन्छ’ जस्ता नारा लेखिएका प्लेकार्ड बोकेका थिए।

सभालाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघ कोशी प्रदेशकी उपाध्यक्ष अम्बिका भण्डारी, शिक्षक शुभद्रा भट्टराई, महिला अधिकारकर्मीद्वय राधा प्रधान र पूजा सापकोटा तथा मानवअधिकारकर्मी विनय कार्कीले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई हदैसम्मको सजाय दिन माग गरे। उनीहरूले यस्ता जघन्य अपराधका घटनाले समाजमा असुरक्षा बढाएको भन्दै पीडित परिवारलाई अविलम्ब न्याय दिलाउन सरकारको ध्यानाकर्षण गराए।


## शिवसताक्षी नगरपालिका

**१० नं. वडा कार्यालय**

**माईधार, झापा (कोशी प्रदेश, नेपाल)**

### चार किल्ला प्रमाणित सम्बन्धी सूचना

यो जोसंग सम्बन्धित छ,

शिवसताक्षी नगरपालिका वडा नं. १०मा बसोबास गर्ने ना.प्र.नं. ४७१/७१का श्री लक्ष्मीमाया राईले चार किल्ला प्रमाणित गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा निजको निवेदन र स्थलगत परीक्षण प्रतिवेदन/सर्जमिन मुचुल्का अनुसार शिवसताक्षी नगरपालिका वडा नं. १०मा श्री लक्ष्मीमाया राईको नाममा त्यस कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको जग्गाको चार किल्ला तपसिल बमोजिम भएको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १२(२) ङ (२८) बमोजिम प्रमाणित गरिन्छ।

**चार किल्ला विवरण**

| क्र.सं. | वडा नं. | सिट नं. | कित्ता नं. | जग्गाको क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|
| १ | १० | ७ म | १६२९२ र १७६६४ | ०-०-१६ ०-०-४ | भित्रि कालोपत्रे बाटो | कि.नं. ३५६ देवेन्द्र सिगु ३५५, ३५७ | कि.नं. १७६६५ लिला गिरी | कि.नं. १६२९१ मानबहादुर माबो |

**हर्कबहादुर सिगू: वडाध्यक्ष**

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा


**वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा**

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




**सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६**

## वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात

- राहदानी र नागरिकताको प्रतिलिपि।
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि
- निरोगिताको प्रमाण-पत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाण-पत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासंग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

**वैदेशिक रोजगारमा हुँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन्।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**

ISO 15189 -2022 certified lab

Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## विश्वास जित्न नसक्दा

**गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा कोशी प्रदेशका अधिकांश उम्मेदवारले जमानत नै जोगाउन सकेनन् । प्रदेश निर्वाचन कार्यालय कोशीका अनुसार सम्पन्न निर्वाचनमा प्रतिनिधिसभा सदस्यको निर्वाचनमा कूल चार सय पञ्चानब्बे जनाले प्रतिष्पर्धा गरेका थिए ती मध्ये तीन सय उनान्सय जनाले अवश्यक मत ल्याउन नसक्दा जमानत गुमाएका छन् । उम्मेदवार बनेका प्रतिष्पर्धीहरु मध्ये स्थापित दलकै उम्मेदवारले पनि सदर मतको दश प्रतिशत पनि ल्याउन नसक्दा यो पटक जमानत जफत हुनेको संख्या उच्च रहेको छ ।**

**प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ७१ को उपदफा १ अनुसार प्रत्यक्ष तर्फको निर्वाचन प्रणालीमा सदर मतको दश प्रतिशत मत प्राप्त गर्न नसक्दा जमानत जफत हुने व्यवस्था छ । यसका आधारमा कोशी प्रदेशका चौध जिल्लाका अठ्ठाइस निर्वाचन क्षेत्रका गरी कूल एकासी दशमलव छ प्रतिशत उम्मेदवारले धरौटी वापत बुझाएको रकम राज्यकोषमा जम्मा हुने भएको छ । निर्वाचन आयोगका अनुसार देशभरका करिब दुई हजार नौ सय जना उम्मेदवारको धरौटी जफत भएको छ ।**

**सम्पन्न निर्वाचनको अर्को एउटा रमाइलो पक्ष हो कि देशभरका तीन सय पचास जना उम्मेदवारले आफू स्वयम्ले आफूलाई पनि भोट दिएनन् । अर्थात् उनीहरुले शून्य मत प्राप्त गरे । चौंतीस सयभन्दा बढीले उम्मेदवारी दिएका अधिकांशको आवश्यक मत प्राप्त नहुँदा धरौटी वापतको रकम नै जफत हुने अवस्थामा पुग्नु प्रतिष्पर्धालाई सामान्य ठान्ने भूल हुनसक्छ । यसपटकको निर्वाचनमा पुराना र स्थापित भनिएका दलहरुकै उम्मेदवारका पनि धरौटी वापतको रकम जफत हुने भएको छ ।**

**कोशी प्रदेशका चौध जिल्लामध्ये अठ्ठाइस वटा निर्वाचन क्षेत्र मध्ये झापा, मोरङ र सुनसरीमा धेरै उम्मेदवार थिए । मोरङका छ वटा निर्वाचन क्षेत्रमा एक सय दश जना उम्मेदवार मध्ये एकानब्बे, झापाका पाँच क्षेत्रमा नब्बे जना र सुनसरीका चार क्षेत्रमा एक सय दश जना उम्मेदवार थिए । तर ती मध्ये झापाका बाह्र जना, सुनसरीका दश जना र मोरङका उन्नाइस जनाले जमानत जोगाएका छन् । त्यस्तै कोशीका अन्य जिल्लाहरुका निर्वाचन क्षेत्रमा अधिकांश उम्मेदवारले धरौटी जोगाउन सकेनन् । यसपटकको निर्वाचन विगतभन्दा भिन्न परिस्थितिमा भएका कारण पनि जमानत जफतको संख्या बढेको हुनसक्छ । वर्षौंदेखि शासन सत्ता हातमा लिएकाहरुका क्रियाकलापको असन्तुष्टि मतपत्रमा व्यक्त हुँदा परिवर्तनको भावना लिएर आएको रास्वपाप्रतिको आकर्षणले मतदाता संगठीत भए । जसका कारण अधिकांश उम्मेदवार मतदाताको रोजाइमा परेनन् । यसलाई स्थापित दलहरुले शिक्षाको रुपमा ग्रहण गर्नुपर्ने सन्देशका रुपमा लिनु पर्दछ ।**

# मध्यपूर्वमा अमेरिका, इजरायल र ईरानको भाले जुधाई



**भुवन तामाङ**

हालै मध्यपूर्वमा अवस्थित ईरानमा इजरायल र अमेरिकाले एकसाथ सैन्य आक्रमण गरिरहेका छन् । ईरानका सर्वोच्च नेता आयोतुल्ल अली खमेनेई समेत ४० उच्च पदाधिकारीहरु आक्रमणबाट मारिएका छन् । ईरानमा भारी नोक्सानी भइरहेको छ, तर दुनियालाई आश्चर्यमा पार्ने गरी ईरानले पनि लटवार गरिरहेको छ ।

**मध्यपूर्वमा अमेरिकी सैन्य नेटवर्क :**

अमेरिकाले मध्यपूर्व भर १९ स्थायी र अस्थायी सैन्य आधारहरूको नेटवर्क सञ्चालन गर्छ, जसमा सबैभन्दा ठूलो कतारको अल उदीद एयर बेसमा १० हजार सैनिकहरू थिए । सात अमेरिकी स्थायी सुरक्षा प्रतिष्ठानहरू बहराइन, इजिप्ट, इराक, जोर्डन, कुवेत, कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरातमा छन् र २०२५ बीचसम्म उक्त क्षेत्रमा ४० हजारदेखि ५० हजारसम्म अमेरिकी सैनिकहरू तैनाथ भएका थिए । यी आधारहरूले इरानलाई पश्चिम र दक्षिणबाट घेरेका छन् ।

हाल पर्शियन गल्फमा यूएसएस अब्राहाम लिङ्कन र यूएसएस जिन्डाल्ड आर फोर्ड फाइटर एअरक्राफ्ट क्यारियर तथा युद्धपोतको उपस्थितिले अमेरिकी अपरेशन सशक्त बनाइएको छ । यी नाभिकीय-शक्ति विमान वाहक पोतहरूको संयुक्त कर्मचारी संख्या १० हजारभन्दा बढी छन् साथै एक सय ३० भन्दा बढी फाइटर जेटहरू साथमा बोकेका छन् । सो क्षेत्रका सबै अमेरिकी आधारहरूलाई इरानी सेनाले वैध लक्ष्य मानेर इरानी मिसाइल र ड्रोनहरूले आक्रमण गरिरहेका छन् र ती आधारहरु नराम्रोसँग नष्ट भएका छन् ।

**खाडी मुलुकका देशस्थित अमेरिकी वेशहरुमा ईरानको आक्रमण :**

अरब क्षेत्रका छ वटा मुलुकमा रहेका अमेरिकी सैन्य लक्ष्यहरूले इरानी आक्रमण भोगेका छन् । अमेरिकाले ईरानबिरुद्ध अपरेशन एपिक फ्युरी सञ्चालन गरेपछि इरानले पनि अमेरिकी सैन्य र कुटनीतिक अयाहरूमा प्रत्याक्रमणहरू गरेको छ । ईरानी प्रत्याक्रमणलाई अमेरिकी सैन्य आधारहरुले रोक्न नसक्दा अमेरिका आफै पनि चकित परेको छ ।

**ईरानले प्रहार गरेका अमेरिकी आधारहरु :**

मुवफ्फक साल्ती एयर बेस जोर्डन,
अली अल-सालेम एयर बेस कुवेत,
प्रिन्स सुलतान एयर बेस साउदी अरेयिबा,
क्याम्प बुइर्हिङ कुवेत,
क्याम्प अरिफजन कुवेत,
मुहम्मद अल-अहमद कुवेत नेवल बेस कुवेत,
अल-उदेद एयर बेस कतार,
अल-धाफ्रा एयर बेस यूएई, र
जेबेल अली पोर्ट यूएई,
नेवल सपोर्ट एक्टिभिटी, बहराइन (अमेरिकी पाँचौं फ्लीटको मुख्यालय), मनामा, बहराइन (अमेरिकी सैनिकहरूको बसोबास भएको विभिन्न होटलहरू) र अर्बिल अन्तर्राष्ट्रिय विमानस्थल, इराक (विमान स्थलसँगै रहेको अमेरिकी आधार) ।

**इरानको रणनीति :**

इरान माथि हवाई मिशन सञ्चालन गर्ने अमेरिकाको क्षमता कम गर्ने र उसका हवाई साधनहरू अझ टाढा सार्न बाध्य बनाउने रणनीतिले ईरान काम गरिरहेको छ । ताकि अमेरिकाको आक्रमण जारी राख्ने क्षमतामा कमी आओस् । विश्लेषक अनुशर फारूकीद्वारा गरिएको प्रारम्भिक गणना अनुसार इरानबिरुद्ध अमेरिकी मिशन क्षमता ३५-५०% ले घटेको पाइएको छ । इरान अमेरिकी सेनालाई अन्धा बनाइरहेको छ । राडारहरु नष्ट गरेपछि संकेत पाउन छाडिएको छ । संघर्षको पहिलो दिनमै इरानी शाहेद ड्रोनले अमेरिकाको बहराइनस्थित नेभल सपोर्ट एक्टिभिटीमा रहेको एएनटिपिएस-५९ राडार डोम नष्ट गरिदियो । चार हजार तीन सय मिलियन यूएस डलरको प्रणाली ध्वस्त भयो । सैन्य उपकरण निर्माण गर्ने कम्पनी लकहिड मार्टिनले २००७ मा निर्माण गरेको संसारको एकमात्र ३६०-डिग्री कवरेज मोबाइल राडार जुन सामरिक ब्यालिस्टिक मिसाइल पत्ता लगाउन सक्षम रहेको बताइएको थियो सो ईरानले नष्ट गरिदिएको छ ।



**अरबौं डलरका अमेरिकी राडारहरु नष्ट :**

सेटेलाइट छविहरू र भिडियो फुटेज अनुसार, कुवेतको क्याम्प अरिफजान र अली अल-सालेम एयर बेसमा र संयुक्त अरब इमिरेट्सको अल-धाफ्रामा राडार डोमहरू नष्ट भएका छन् । कतारको अल-उडेद एयर बेसमा, विश्वमा केवल छवटा मात्रै रहेका एकअर्ब डलर मूल्यको एएलएफपिएस-१३२ प्रारम्भिक चेतावनी राडार २८ फेब्रुअरीमा इरानी ब्यालिस्टिक मिसाइलद्वारा आक्रमण गरिएको कतारको रक्षा मन्त्रालयले बताएको छ । यी राडारहरु नष्ट हुँदा अमेरिका र इजरायललाई ईरानी मिसाइल ट्र्याक गर्न कठिन भएको छ । पूर्व सूचना प्रणालीले संकेत नपाउँदा इजरायलको प्रतिरक्षा प्रणाली पनि अन्धा भएको छ र इरानी मिसाइलहरु मन लागेको ठाउँमा प्रहार भइरहेका छन् । इजरायलमा रहेका थाड, पेट्रियाट, एरो, डेभिड स्लिङ्ग, आइरन डोम लगायतका प्रतिरक्षा प्रणाली सबै ईरानले मिसाइल हानेर नष्ट पारिदिएको छ ।

जोर्डनको मुवफाक साल्ती एयर बेस, साउदी अरेबियाको प्रिन्स सुल्तान एयर बेस र संयुक्त अरब इमिरेट्सका दुई इमिरेट्समा सञ्चालित बेसहरूमा अमेरिका निर्मित टर्मिनल हाई अल्टिच्युड एरिया डिफेन्स थाड ब्याट्रीसँग जडित एएनटिपिवाइ-२ राडार प्रणालीहरूमा ईरानले हमला गरेको सेटेलाइट तस्वीरहरू समेत देखाइएका छन् । जोर्डन र साउदी अरेबियामा पाँच सय मिलियन यूएस डलरका प्रणालीहरू पूर्णरूपमा नष्ट भएका छन् । अमेरिकाको प्रारम्भिक चेतावनी र थाड पूर्वाधारको विनाशले देखाउँछ कि आगामी दिनमा इरानी क्षेप्यास्त्रहरूले सजिलै लक्ष्यमा बिनाश गर्न सक्नेछन् ।

**फाइटर जेटमा इन्धन रिफ्यूलिङ्ग गर्ने जहाजहरू क्षतिग्रस्त :**

पाँच अमेरिकी वायु सेना रिफ्यूलिङ्ग जहाजहरू साउदी अरबको प्रिन्स सुल्तान एयर बेसमा इरानको प्रहारले क्षतिग्रस्त भएका वालस्ट्रिट जर्नलले अमेरिकी अधिकारीहरुलाई उदृत गर्दै जनाएको छ । गत हप्ता पश्चिमी इराकमा अमेरिकी केसी-१३५ स्ट्राटो ट्याङ्कर रिफ्यूलिङ्ग विमान खसेको थियो, जसमा रहेका सबै छ चालक दलका सदस्यको मृत्यु भएको सेन्टकमले पुष्टि गरेको छ । ईरानले सो विमान आफूले खसालेको दाबी गरेको छ ।

कुवेतमा अमेरिकी फाइटर जेट कसले झार्‍यो ? कुवेतमा मार्च ३ मा अमेरिकाको तीन फाइटर जेट उड्दाउड्दै जमिनमा खसेर नष्ट भएका थिए । भुलवश फ्रेन्डली फायर भएको भनेर अमेरिकाले बतायो भने ईरानले आफूले जेटहरु खसाएको बताएको छ । आशंका यो गरिएको छ कि जब इरानले कुवेत लगायत अन्य ठाउँमा रहेका अमेरिकी राडारहरु नष्ट गरिदियो तबदेखि सही सूचना या संकेतको अभावमा अमेरिकी सेनाहरु आफ्नै जेटहरु चिन्न छाडे र अमेरिकाको मित्रदेश कुवेतका सेनाले पनि अमेरिकी विमान चिन्न सकेनन् । तसर्थः फ्रेन्डली फायर भएको हुन सक्छ । यसरी पनि इरानले आफूबिरुद्धको युद्धलाई कमजोर पारिरहेको छ । इरान सूक्ष्म प्रहारको अभियानमा संलग्न छ, जसको उद्देश्य अमेरिकी विमानलाई खसाल्नु, अमेरिकी उन्नत ब्यालिस्टिक क्षेप्यास्त्र रक्षा नेटवर्कलाई कमजोर पार्नु देखिएको छ ।

**फाइनान्सियल तथा टेक जायन्ट कम्पनीलाई तर्साउने ईरानको अर्को रणनीति :**

खाडी मुलकस्थित अमेरिकी तथा इजरेली फाइनान्सियल तथा टेक जायन्ट कम्पनीहरुलाई तर्साउन थालेको छ । विश्वका टप कम्पनीहरुका आर्थिक कारोबार कार्यालय, मेघा बिक्री स्टोरहरु र विश्वका टप बैंकका शाखाहरु खाडी मुलकका टप शहरहरुमा सञ्चालित छन् । ईरानको धम्कीपछि तिनीहरुले आ-आफ्ना कार्यालय बन्द गरी पदाधिकारी तथा कर्मचारीहरुलाई त्यहाँबाट स्थान्तरण गर्न थालेका छन् । जसले गर्दा खाडी मुलकहरु, साउदी अरब, यूएई, कुवेत, कतार, बहरिन आदि मुलुकमा आर्थिक संकट निम्तिएको छ । खाडी मुलकहरु अमेरिका र इजरायल समर्थक भएका कारण ईरानले उक्त कदम चालेको बताइएको छ । जसले गर्दा अमेरिका र इजरायलमा समेत ठूलो आर्थिक मन्दी आउने निश्चित देखिन्छ ।

**कमजोरी र बलिया पक्षहरु :**

अहिलेसम्मको परिदृष्य अनुसार अमेरिका र इजरायलको राडार लगायत प्रतिरक्षा प्रणाली कमजोर रहेको देखिएको छ । जसलाई ईरानले सजिलै भेद्न र नष्ट गर्न सकेको छ । ईरानतर्फ प्रतिरक्षा, नेभी, बायुसेना र खुफिया कमजोर रहेको देखिएको छ । बलियो पक्षमा, अमेरिका र इजरायलको फाइटरजेट प्रयोगबाट मिसाइल प्रहार गर्ने क्षमता बलियो रहेको र ईरानको जमिनदेखि जमिनमा मिसाइल हाल्ने क्षमता बलियो देखिएको छ ।

**मनोबल :**

मनोबलका हिसाबले अमेरिका र इजरायल डरपोक रहेका र ईरान शहीद हुन तयार रहेको देखिएको छ । तसर्थः मनोबलका हिसाबले ईरान बलियो देखिएको छ ।

**युद्धमा हार :**

इजरायल हारमान्न लगभग तयार अवस्था छ । इजरायल प्रायः ध्वस्त भइसकेको छ । ईरानको मिसाइल आक्रमणमा इजराजयका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु मारिएका आशंका बढेको छ । किनकि उनी हप्तादेखि सार्वजनिक रुपमा देखापरेका छैनन् । ठूलो नोक्सानीका बीच पनि अमेरिका हारमान्न तयार देखिएको छैन । राष्ट्रपति डोनाल्ड ट्रम्पले १८ वटा शक्तिशाली बमबर्षक बि-२ विमान यूके पठाएका छन् । सायद ट्रम्प ईरानमा ठूलो आक्रमण गर्ने मुडमा छन् । इरान शहीद हुन तयार छ । शहीद हुनु भनेको मनोवैज्ञानिक रुपमा बिजयी हुनु हो । भौतिक रुपमा नष्ट भएपनि जीत निकाल्नु हो तर तीन देशको भाले जुधाइमा को बिजयी हुन्छ अनिश्चित छ । कामना गरौं कि युद्ध चाँडै खत्तम होस् र शान्ति छाओस् ।

(एजेन्सीको सहयोगमा)

# सामाजिक सञ्जालमा युद्ध सम्बन्धी एआई नक्कली सामग्री फैलिँदै

इरान-अमेरिका युद्धका बारेमा सामाजिक सञ्जाल विशेषगरी एक्समा कृत्रिम बौद्धिकता (एआई)बाट बनाइएका नक्कली तस्वीर र भिडियोहरू तीव्ररूपमा फैलिरहेका छन् । गलत सूचना रोक्न एक्स प्लेटफर्मले कडा नीति घोषणा गरे पनि युद्ध सम्बन्धी भ्रामक सामग्रीको प्रसार भने रोकिएको छैन । अनुसन्धानकर्ताहरूका अनुसार मध्यपूर्व युद्ध शुरु भएपछि एआईले बनाइएका दृश्य सामग्रीहरूको बाढी आएको छ । यसले अघिल्ला द्वन्द्वका समयमा देखिएका सामग्रीहरूभन्दा धेरै ठूलो परिमाणमा सामाजिक सञ्जालमा फैलिएको छ, जसका कारण प्रयोगकर्ताहरूलाई वास्तविक र बनावटी सामग्री छुट्याउन कठिन भएको छ ।

युद्धका क्रममा 'प्रामाणिक सूचना' जोगाउने प्रयास स्वरूप उक्त एक्सले गत साता नयाँ नीति घोषणा गरेको थियो । त्यस अनुसार एआईबाट बनाइएको युद्ध सम्बन्धी भिडियो वा तस्वीर पोस्ट गर्दा त्यसलाई स्पष्ट रूपमा उल्लेख नगरेमा सामग्री सिर्जनाकर्तालाई प्लेटफर्मको आम्दानी साझेदारी कार्यक्रमबाट ९० दिनका लागि




निलम्बन गरिने बताइएको छ । बारम्बार नियम उल्लङ्घन गरे स्थायी रूपमा प्रतिबन्ध लगाइने चेतावनी पनि दिइएको छ । यो नीति लागू गरिए पनि गलत सूचना रोक्न पर्याप्त भएको छैन भन्ने चिन्ता अनुसन्धानकर्ताहरूले व्यक्त गरेका छन् । रणनीतिक संवाद सम्बन्धी एक अनुसन्धान संस्थाका अनुसन्धानकर्ता जो बोडनारका अनुसार उहाँले निगरानी गर्ने सामाजिक सञ्जाल सामग्रीहरू अझै पनि युद्ध सम्बन्धी कृत्रिम बुद्धिमत्ताबाट बनाइएका तस्बिर र भिडियोहरूले भरिएका छन् ।

उहाँका अनुसार केही प्रिमियम खाताहरूबाट समेत भ्रामक सामग्री फैलिएको देखिएको छ । यस्ता खाता मध्ये एकले इजरायलमाथि इरानले कथित रूपमा 'आणविक क्षमतायुक्त' आक्रमण गरेको दृश्य देखाउने कृत्रिम भिडियो साझा गरेको थियो । उक्त सामग्रीले प्लेटफर्मको नीति घोषणा सम्बन्धी सन्देशभन्दा पनि धेरै पटक हेरिएको थियो । एएफपीको विश्वव्यापी तथ्य-जाँच सञ्जालले ब्राजिलदेखि भारतसम्म विभिन्न देशहरूमा फैलिएका युद्ध सम्बन्धी कृत्रिम नक्कली सामग्रीहरू पहिचान गरेको छ । ती सामग्री मध्ये केही भिडियोहरूले बम विस्फोट भएको दूतावासभित्र रोइरहेका अमेरिकी सैनिक, इरानी झण्डाको छेउमा घुँडा टेकाइएका अमेरिकी सेना वा अमेरिकी नौसैनिक जहाजहरू नष्ट भएको दृश्य देखाउँछन् । तर ती सबै दृश्य कृत्रिम रूपमा तयार पारिएका हुन् ।

यस्ता सामग्रीहरू वास्तविक तस्वीर र भिडियोसँग मिसिएर फैलिँदा तथ्य-जाँचकर्ताहरूलाई पनि छिटो पहिचान गर्न कठिन भएको बताइएको छ । साथै उक्त सामाजिक सञ्जालको आफ्नै एआई संवाद प्रणालीले समेत कहिलेकाहीँ प्रयोगकर्ताहरूलाई भ्रामक जानकारी दिएको देखिएको छ ।

अनुसन्धानकर्ताहरूका अनुसार सामाजिक सञ्जालको आम्दानी प्रणालीले पनि यस्तो सामग्री फैलिन प्रोत्साहन दिएको छ । प्रिमियम खाताले दर्शक र सहभागिताका आधारमा आम्दानी पाउने भएकाले सनसनीपूर्ण वा गलत सामग्री पोस्ट गर्दा आर्थिक लाभ हुने सम्भावना बढेको छ । उदाहरणका रूपमा एउटा प्रिमियम खाताले दुबईको बुर्ज खलिफा गगनचुम्बी भवनसँग सम्बन्धित कृत्रिम भिडियो पोस्ट गरेको थियो । उक्त सामग्रीलाई कृत्रिम रूपमा बनाइएको भनेर उल्लेख नगरी पोस्ट गरिएको भए पनि हटाइएको थिएन र त्यो करिब २० लाख पटक हेरिएको थियो । यसअघि प्रकाशित एक प्रतिवेदनले उक्त सामाजिक सञ्जाल कम्पनीले इरान सरकारसँग सम्बन्धित केही खाताबाट प्रचार सामग्री फैलिँदा आर्थिक लाभ कमाएको देखिएको दाबी गरेको थियो । त्यसपछि कम्पनीले त्यस्ता केही खाताबाट प्रमाणीकरण चिह्न हटाएको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार कम्पनीले घोषणा गरेको नीति सैद्धान्तिक रूपमा गलत सूचना रोक्ने प्रयास भए पनि यसको प्रभाव कार्यान्वयनमा निर्भर रहनेछ । अनुसन्धानकर्ताहरूले कृत्रिम सामग्रीमा रहने डिजिटल विवरण सजिलै हटाउन सकिने भएकाले पहिचान गर्न कठिन हुने चेतावनी दिएका छन् । साथै सामुदायिक तथ्य-जाँच प्रणाली पनि सीमित रूपमा मात्र प्रभावकारी भएको उनीहरूको भनाइ छ ।

गत वर्ष गरिएको एक अध्ययनले सामाजिक सञ्जालमा लेखिएका सामुदायिक टिप्पणीहरू मध्ये ९० प्रतिशतभन्दा बढी कहिल्यै प्रकाशित नहुने देखाएको थियो । त्यसैले युद्ध जस्ता संवेदनशील परिस्थितिमा फैलिने कृत्रिम नक्कली सामग्री रोक्न अझ प्रभावकारी उपाय आवश्यक पर्ने विज्ञहरूले बताएका छन् ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन शुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय दिन नसक्दा काम बिग्रन सक्छ, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला धैर्य गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** यथेष्ट धन लाभको योग आएको छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** तपाईको आजबाट पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहने छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावलीबाट शुभ समाचारको योग छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय अनुकुल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो काम फत्ते हुनाले मन प्रसन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रसँग भेट हुने समय रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी हुनेछ, तर परिवारजन बिमुख हुनेछन् ।

**मिति २०८२/१२/०२ सोमबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३०९,५००/-

चाँदी प्रति तोला रु. ५,२६५/-

# महेन्द्रज्योतिको वार्षिकोत्सव

□ रत्नबहादर बस्नेत



**बिर्तामोड, चैत २।** बिर्तामोड-१० सैनिकबजारस्थित महेन्द्रज्योति माविको ५९औं वार्षिकोत्सव तथा अभिभावक दिवस विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

छात्रवृत्ति वितरण, सांस्कृतिक कार्यक्रम तथा सम्मानसहित विविध कार्यक्रमको आयोजना गरी विद्यालयको ५९औं वार्षिकोत्सव सम्पन्न भएको हो ।

वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष दुर्योधन गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि कोशी प्रदेशसभा सदस्य खगेश्वरी पौड्याल अधिकारीले गरेकी थिइन् ।

कार्यक्रममा विद्यालयको विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने दातालाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा ट्रष्ट तथा पार्किङ निर्माणमा आर्थिक सहयोग गर्ने भोला पाण्डे, सागर पाठक र अनुप गुरुङ, फूलबारी निर्माण ग्रेनाइट तथा नगददाता इन्द्र क्षेत्री, रुद्र ढकाल, निर्मला बस्नेत, पुण्यप्रसाद उप्रेती र ताराप्रसाद पोखरेल रहेका छन् । त्यस्तै पोशाक तथा शैक्षिक सामग्री दाता राजेन्द्र श्रेष्ठ र राजकुमार गुप्ता तथा न्यानो कपडा स्वेटर प्रदान गर्ने विष्णु सुवेदी र राधिका चुडाल रहेका छन् ।

सोही अवसरमा उत्कृष्ट शिक्षक दुर्गाकुमार ढुंगाना, राजन प्रसाईं र पूर्व विव्यस सदस्य ओमकुमारी राईलाई सम्मान गरिएको थियो । यसैबीच गत शैक्षिक सत्रको वार्षिक परीक्षामा कक्षागतरुपमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो ।

विद्यालयका प्रधानाध्यापक जयकुमार झाले विद्यालयको गतिविधिसहित प्रगति प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा शान्ति-धन अक्षयकोष छात्रवृत्ति दाता परिवारको तर्फबाट विद्यालय व्यवस्थापन समिति सदस्य किरण सुब्बाले रु. दुई हजारको दरले चार जना विद्यार्थीलाई छात्रवृत्ति रकम प्रदान गरेकी थिइन् ।

त्यसैगरी पवित्रा पौडेल स्मृति अक्षयकोष छात्रवृत्ति दाता अमर पौडेल र अम्बिका पौडेलले नगद दुई/दुई हजारका दरले पाँच जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि प्रदेश सांसद खगेश्वरी पौड्याल अधिकारी, जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख कुमार बस्नेत, बिर्तामोड नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख तिलचन भण्डारी, बिर्तामोड नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्र लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

प्रमुख अतिथि प्रदेश सांसद अधिकारीले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि ठोस योजनाका साथ अग्रसर बन्न सरोकारवाला सबैलाई आग्रह गर्दै त्यसमा आफूले यथासक्य सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

विद्यालयका प्र अ झाले विविध चुनौतिबीच आफूहरु शैक्षिक प्रगतिका लागि प्रयत्नरत रहेकोले लक्ष्य प्राप्त गर्न सबैलाई सहयोग गर्न आग्रह गरे ।

विद्यार्थीले गीत तथा नृत्यद्वारा प्रतिभा प्रस्तुत कार्यक्रममा शिक्षक महासंघ बिर्तामोडका सचिव उमानाथ भण्डारी, नेपाल शिक्षक संघ बिर्तामोडका अध्यक्ष जयकुमार प्रसाईं, शिक्षक अभिभावक संघका अध्यक्ष श्रीप्रसाद शिवाकोटी, शिक्षासेवी मनु मुखिया, विभिन्न विद्यालयका प्रअ, विव्यस पदाधिकारी, पूर्व शिक्षक लगायतको आतिथ्य रहेको थियो ।

विद्यालयका सहायक प्रधानाध्यापक भवानी शिवाकोटीले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षक बीरेन्द्र कडरिया र सरस्वती दाहालले गरेका थिए ।

# घरको खम्बाले किच्दा एक गम्भीर घाइते

**इलाम, चैत २।** जेसीबीद्वारा घरको खम्बा उखल्ने क्रममा माई-८ महमाईका ४५ वर्षीय सञ्जय सिञ्जाली मगर गम्भीर घाइते भएका छन् ।

घर भत्काउने स्थानमा वरपर घुम्दै गरेका मगरलाई खम्बा लडेर किच्दा उनको टाउको र कोखमा चोट लागेको छ ।

घाइते मगरलाई तत्काल उपचारका लागि माई अस्पताल लगिएको भए पनि प्राथमिक उपचार पश्चात् थप उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएएको बताइएको छ ।

# ब्राउनसुगरसहित पक्राउ

**झापा, चैत २।** झापा र सुनसरीबाट ब्राउनसुगरसहित छ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

दमक-५ मा लागूऔषध बिक्रीवितरण भइरहेको छ भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट गएको प्रहरी टोलीले सोहि स्थानका मोहन यादव र गौरीगञ्ज-१ का प्रवेश राईलाई आठ ग्राम ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाले मेचीनगर-६ बाट मे ६ प ७७२६ नम्बरको मोटरसाइकल चालक शिवसताक्षी-७ का लाखबहादुर योङहाङलाई दुई ग्राम एक सय ५० मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रण लिएको छ ।

त्यस्तै सुनसरीको कोशी- १ बाट इलाका प्रहरी कार्यालय लौकही र कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको प्रादेशिक अनुसन्धान समूहले प्रदेश १-०२-०५३ प ५८२१ नम्बरको मोटरसाईकल चालक दुहवी-२ का सुशान्त चौधरी, मोटरसाइकल पछाडी सवार दुहवी-१० मेराज चौधरीलाई आठ ग्राम ११० मिलिग्रामसहित र भोक्राहा नरसिंह गापा-६ बाट मोरङ कानेपोखरी-७ का सुरेन्द्र जिमीलाई छ ग्राम ३९० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरेको हो ।


**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।

बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**कार्की ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**घर ढलान गर्नुछ ?**

तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**Ganapati Bakers**
Finest Bakery in town

गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**वैदेशिक रोजगार**

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्कः
९८४२६३४८७४,
९८१६०४९८७६,
०२३-५३५९७३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालि**लाई सम्झनुहोस् । **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्कः ९८०१४०१३००,
९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**हामीलाई सम्पर्क गर्नुहोस्**

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**वैदेशिक रोजगार**

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641,
9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**आयुर्वेद उपचार**

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६,
९८५२६८८९८६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website
www.drishtieye.org
सबैका लागी दृष्टि
सधैंका लागी दृष्टि

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय :
बिहान ११:00 बजेदेखि ५:00 बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposjte of Paschim Bus Stand

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरूः बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर**

उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ ।
साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय, विराटनगर
TRAIL-BASED TOURISM Development Project
NTB Nepal Tourism Board
photonepal.org



**KOSHI TRAILS PHOTO COMPETITION**
Submit your best shots from:
Mundum Trail | Phalgunanda Trail | Laligura[redacted]l | Chiyabari Trail
Open to all photograp[redacted]
Deadline: April 30, 2026 | 5:0[redacted]
Submit your Photos + CV to ttdp.np[redacted]s.org
CASH REWARD FOR W[redacted]S
Scan for Terms of Reference & Guidelines
कोशी प्रदेश पर्यटन वर्ष २०८२